# १९ औं गाउँसभा (तेस्रो अधिवेशन २०८३/०८४)

मिति : २०८३/०३/२८

स्थान : रोहिणी गाउँपालिकाको हल, धकधई, रोहिणी ।

आज मिति २०८३/०३/२८ गते आइतबारका दिन रोहिणी गाउँपालिकाको १९ औं गाउँसभाको तेस्रो बैठक गाउँपालिकाका अध्यक्ष श्री विद्या प्रसाद यादवको अध्यक्षतामा बसी तपसिल बमोजिमका प्रस्तावहरूमा छलफल गरी निर्णयहरू गरियो ।

<u>उपस्थितिहरू</u>

| क.सं. | नाम, थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १. | श्री विद्या प्रसाद यादव | अध्यक्ष | |
| २. | श्री शिव कान्ति चमार | उपाध्यक्ष | शिवकान्ती |
| ३. | श्री बिर बहादुर क्षेत्री | प्रवक्ता तथा वडा अध्यक्ष ३ | |
| ४. | श्री आबिद अलि पठान | वडा अध्यक्ष १ | |
| ५. | श्री करम हुसेन खान | वडा अध्यक्ष २ | |
| ६. | श्री तारानाथ यादव | वडा अध्यक्ष ४ | |
| ७. | श्री घनश्याम सिंह क्षेत्री | वडा अध्यक्ष ५ | |
| ८. | श्री इन्द्रमान चौधरी | वडा अध्यक्ष ६ | |
| ९. | श्री अन्नान अहमद भाट | वडा अध्यक्ष ७ | |
| १०. | श्री जानकी हरिजन | कार्यपालिका सदस्य/सभा सदस्य | जानकी |
| ११. | श्री सुवुहुन निसा फकिर | कार्यपालिका सदस्य/सभा सदस्य | |
| १२. | श्री रेखा हरिजन | कार्यपालिका सदस्य/सभा सदस्य | रेखा |
| १३. | श्री कविता देवी गौड | कार्यपालिका सदस्य/सभा सदस्य | कविता |
| १४. | श्री निरज हरिजन | कार्यपालिका सदस्य/सभा सदस्य | |
| १५. | श्री नियामत अलि नाउँ | कार्यपालिका सदस्य/सभा सदस्य | |

| | | | |
|---|---|---|---|
| १६. | श्री मोहम्मद अमिन खान | सभा सदस्य | |
| १७. | श्री रिजवान खान | सभा सदस्य | |
| १८. | श्री फुला कहार | सभा सदस्य | |
| १९. | श्री चन्द्रिका प्रसाद धवल | सभा सदस्य | |
| २०. | श्री राजन यादव | सभा सदस्य | |
| २१. | श्री सानमती पासिन | सभा सदस्य | |
| २२. | श्री प्रभावती धवल | सभा सदस्य | प्रभावती |
| २३. | श्री जुद्ध प्रकाश चौधरी कुर्मी | सभा सदस्य | |
| २४. | श्री नेम बहादुर घर्ती | सभा सदस्य | |
| २५. | श्री वेचनी पासी | सभा सदस्य | |
| २६. | श्री डिल्ली यादव | सभा सदस्य | |
| २७. | श्री प्रमोद थारू | सभा सदस्य | |
| २८. | श्री प्रमिला कुमारी नाउँ | सभा सदस्य | प्रमिला |
| २९. | श्री विद्या देवी धोबी | सभा सदस्य | |
| ३०. | श्री दिलिप कुमार यादव | सभा सदस्य | |
| ३१. | श्री राम किशोर यादव | सभा सदस्य | रामकिशोर |
| ३२. | श्री इनरमती यादव | सभा सदस्य | |
| ३३. | श्री लालती देवी हरिजन | सभा सदस्य | |
| ३४. | श्री इन्तिजा बन्जारा | सभा सदस्य | इन्तीजा |
| ३५. | श्री राम प्रसाद रँगा | सभा सदस्य | रामप्रसादरंगा |
| ३६. | श्री सयल कुमारी घर्तिनी | सभा सदस्य | सयलकुमारी |
| ३७. | श्री सोमनी चमाइन | सभा सदस्य | सोमनी |
| ३८. | श्री जग्गु लाल चमार | सभा सदस्य | |
| ३९. | श्री राम बेलास कहाँर | सभा सदस्य | |
| ४०. | श्री जगत बहादुर बस्नेत | सचिव | [illegible] |

मिति : २०८३/०३/२८

अन्य उपस्थितिहरू (गाउँसभा)

| क.सं. | नाम, थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १. | दीपा सुवेदी | व. प्रशासकीय अधिकृत | |
| २. | राम कुमार मिश्र | स.ई. | |
| ३. | | | |
| ४. | | | |
| ५. | | | |
| ६. | | | |
| ७. | | | |
| ८. | | | |
| ९. | | | |
| १०. | | | |
| ११. | | | |
| १२. | | | |
| १३. | | | |
| १४. | | | |
| १५. | | | |
| १६. | | | |
| १७. | | | |
| १८. | | | |

**प्रस्तावहरू**

१. वार्षिक बजेट तथा कार्यक्रम सम्बन्धमा
२. "रोहिणी गाउँपालिकाको आर्थिक ऐन, २०८३" सम्बन्धमा
३. "रोहिणी गाउँपालिकाको खर्चको मापदण्ड, २०८३/०८४" सम्बन्धमा
४. "बजेट तथा कार्यक्रम कार्यान्वयन मार्गदर्शन, २०८३/०८४" सम्बन्धमा
५. कर्मचारीहरूको तलबी प्रतिवेदन सम्बन्धमा सम्बन्धमा
६. "विनियोजन ऐन, २०८३" सम्बन्धमा
७. निर्णयहरू अनुमोदन सम्बन्धमा
८. लेखा समितिको प्रतिवेदन सम्बन्धमा
९. बजार अनुगमन निर्देशिका, २०८३ सम्बन्धमा
१०. बेरूजु फर्यौट कार्यविधि, २०८३ सम्बन्धमा
११. विविध सम्बन्धमा

**निर्णयहरू**

१. रोहिणी गाउँपालिका उपाध्यक्ष श्री शिवकान्ति चमार ज्यूले प्रस्तुत गरेको आर्थिक वर्ष २०८३/०८४ को वार्षिक बजेट तथा कार्यक्रम सम्बन्धमा विस्तृत छलफल गरी संशोधन सहित पारित तथा स्वीकृत गर्ने निर्णय गरियो ।

२. रोहिणी गाउँपालिकाको आन्तरिक राजस्व परिचालनलाई प्रभावकारी र व्यवस्थित बनाउँदै कर, शुल्क तथा दस्तुरलाई समयानुकूल र न्यायोचित बनाउने, स्थानीय स्रोत-साधनको अधिकतम उपयोग गरी विकास तथा सेवा प्रवाहका लागि आवश्यक वित्तीय स्रोत सुनिश्चित गर्ने, तथा राजस्व प्रशासनमा पारदर्शिता, जवाफदेहिता र करदातामैत्री प्रणाली विकास गर्ने उद्देश्यसहित "रोहिणी गाउँपालिकाको आर्थिक ऐन, २०८३" पारित तथा स्वीकृत गर्ने निर्णय गरियो ।

३. गाउँपालिकाबाट सञ्चालन हुने प्रशासनिक, विकासात्मक, सेवा प्रवाह तथा सार्वजनिक हितसँग सम्बन्धित खर्च प्रक्रियालाई व्यवस्थित, प्रभावकारी, मितव्ययी तथा लेखापरीक्षणयोग्य बनाउनका लागि "रोहिणी गाउँपालिकाको खर्चको मापदण्ड, २०८३/०८४" पारित तथा स्वीकृत गर्ने निर्णय गरियो ।

४. वार्षिक बजेट तथा कार्यक्रमको प्रभावकारी, पारदर्शी, मितव्ययी, उत्तरदायी तथा परिणाममुखी कार्यान्वयन सुनिश्चित गर्न "बजेट तथा कार्यक्रम कार्यान्वयन मार्गदर्शन, २०८३/०८४" पारित तथा स्वीकृत गर्ने निर्णय गरियो ।

५. रोहिणी गाउँपालिका अन्तर्गत गाउँ कार्यपालिका, वडा कार्यालय, स्वास्थ्य संस्था, विद्यालय तथा अन्य कार्यालयहरूमा कार्यरत स्थायी कर्मचारीहरूको आर्थिक वर्ष २०८३/०८४ को तलबी प्रतिवेदन पारित गर्ने निर्णय गरियो ।

६. रोहिणी गाउँपालिकाको आर्थिक वर्ष २०८३/०८४ को स्वीकृत वार्षिक नीति, कार्यक्रम तथा बजेट कार्यान्वयनका लागि आवश्यक रकम विभिन्न शीर्षकमा विनियोजन तथा खर्च गर्न "विनियोजन ऐन, २०८३" पारित तथा स्वीकृत गर्ने निर्णय गरियो ।

७. रोहिणी गाउँ कार्यपालिका, विषयगत समितिहरू, न्यायिक समिति, शिक्षा समिति लगायत अन्य समितिहरूले आ.व. २०८२/०८३ मा गरेका सम्पूर्ण निर्णयहरू स्वीकृत तथा अनुमोदन गर्ने निर्णय गरियो ।

८. रोहिणी गाउँपालिकाको आर्थिक वर्ष २०८२/०८३ को लेखा समितिबाट पेश भएको प्रतिवेदन तथा बेरुजु फछ्र्यौटसम्बन्धी प्रस्तावमाथि दफावार छलफल गरी आवश्यक सुझावसहित सर्वसम्मत रूपमा पारित तथा स्वीकृत गर्ने निर्णय गरियो ।

९. रोहिणी गाउँपालिकाभित्रको बजार व्यवस्थापन, उपभोक्ता हित संरक्षण, गुणस्तरीय वस्तु तथा सेवाको सुनिश्चितता र प्रभावकारी बजार अनुगमनलाई व्यवस्थित एवं प्रभावकारी बनाउन गाउँसभामा पेश भएको **"रोहिणी गाउँपालिका बजार अनुगमन निर्देशिका, २०८३"** माथि छलफल गरी सर्वसम्मत रूपमा पारित तथा स्वीकृत गर्ने निर्णय गरियो ।

१०. रोहिणी गाउँपालिकाको बेरुजु फछ्र्यौट प्रक्रियालाई व्यवस्थित, प्रभावकारी, पारदर्शी तथा प्रचलित कानूनबमोजिम सञ्चालन गर्ने उद्देश्यले गाउँसभामा पेश भएको **"रोहिणी गाउँपालिका बेरुजु फछ्र्यौट कार्यविधि, २०८३"** माथि दफावार छलफल गरी सर्वसम्मत रूपमा पारित तथा स्वीकृत गर्ने निर्णय गरियो ।

**११. विविध सम्बन्धमा**

क. रोहिणी गाउँपालिका कार्यपालिकाले आर्थिक वर्ष २०८२/०८३ को वार्षिक बजेट तथा कार्यक्रम कार्यान्वयनका क्रममा विभिन्न मितिमा गरेको बजेट संशोधन तथा रकमान्तर सम्बन्धी निर्णयहरूलाई यस गाउँसभाबाट सर्वसम्मत रूपमा स्वीकृत तथा अनुमोदन गर्ने निर्णय गरियो ।

ख. रोहिणी गाउँपालिका अन्तर्गतका विभिन्न शाखाहरू, वडा कार्यालयहरू, प्रमुख प्रशासकीय अधिकृत, खरिद इकाई तथा मूल्याङ्कन समितिबाट आर्थिक वर्ष २०८२/०८३ मा प्रचलित कानून, स्वीकृत बजेट तथा कार्यपालिकाका निर्णय बमोजिम सम्पादन गरिएका प्रशासनिक, वित्तीय, खरिदसम्बन्धी तथा अन्य विविध निर्णयहरू, भएका खर्चहरू र सञ्चालन गरिएका सम्पूर्ण वार्षिक कार्यक्रम, योजना तथा क्रियाकलापहरूको समग्र समीक्षा गरी उक्त सम्पूर्ण कार्यहरूलाई यस गाउँसभाबाट सर्वसम्मत रूपमा समर्थन तथा अनुमोदन गर्ने निर्णय गरियो ।

ग. रोहिणी गाउँपालिकाको स्वामित्वमा रहेको Foton सवारी साधन गत आर्थिक वर्षदेखि बिग्रिएको अवस्थामा रही आवश्यक मर्मत तथा सम्भारका लागि विभिन्न प्रयासहरू गरिए तापनि हालसम्म पूर्ण रूपमा सञ्चालनमा आउन नसकेको हुँदा गाउँपालिकाको प्रशासनिक कार्य सम्पादन, अनुगमन, निरीक्षण तथा योजना-कार्यक्रमहरूको नियमित सञ्चालनमा प्रतिकूल असर पर्न नदिन उक्त सवारी साधन पूर्ण रूपमा मर्मत भई सञ्चालनमा नआएसम्म गाउँपालिकाको प्रशासनिक तथा अनुगमनसम्बन्धी कार्यलाई निरन्तरता दिनका लागि गत आर्थिक वर्षमा कायम रहेको भाडादरमा कुनै वृद्धि नगरी सोही चारपाङ्ग्रे सवारी साधनको भाडा सम्झौता निरन्तरता दिने वा आवश्यक परे सोही भाडादरको सीमाभित्र अर्को उपयुक्त चारपाङ्ग्रे सवारी साधन भाडामा लिई प्रयोग गर्ने तथा भाडामा लिइएको सवारी साधनको नियमित सञ्चालनका क्रममा आवश्यक पर्ने सामान्य मर्मत, सर्भिसिङ तथा सामान्य उपभोगजन्य मर्मत खर्च गाउँपालिकाले व्यहोर्ने निर्णय गरियो ।

घ. यस गाउँपालिकामा दर्ता भएका 'घ' वर्गका निर्माण व्यवसायीहरूको इजाजतपत्र विशेष कारणवश समयमै नवीकरण हुन छुट भएको अवस्थामा त्यस्ता व्यवसायीहरूबाट लाई प्रचलित वार्षिक नवीकरण शुल्कमा तीन गुणा (तेब्बर) राजस्व जरिवाना असुल गरी नवीकरण गर्ने व्यवस्था लागू गर्ने निर्णय गरियो ।

ङ. रोहिणी गाउँपालिका कार्यपालिका तथा गाउँसभाबाट स्वीकृत संगठन तथा व्यवस्थापन सर्वेक्षण (O&M Survey) अनुसार कायम गरिएको स्वीकृत दरबन्दीमा कार्यरत सम्पूर्ण कर्मचारीहरूको हकमा नेपाल सरकारले निर्धारण गरेको वृद्धि अनुपात अनुसार गाउँपालिकाले हाल उपलब्ध गराएको आधारभूत तलब तथा भत्तामा वृद्धि गर्ने निर्णय गरियो ।

च. रोहिणी गाउँपालिकाको स्वीकृत दरबन्दी भन्दा बाहिर रही अत्यावश्यक सेवाका लागि दैनिक ज्यालादारीमा कार्यरत कर्मचारीहरूको हकमा कार्यालयमा नियमित उपस्थिति, जिम्मेवारी निर्वाह तथा कार्यसम्पादनको आधारमा प्रचलित दररेट अनुसार तोकिएको तपसिल बमोजिमको दैनिक ज्याला/पारिश्रमिक उपलब्ध गराउने निर्णय गरियो ।

| क्र.सं. | पद | दैनिक ज्याला/पारिश्रमिक दर |
|---|---|---|
| १ | कार्यालय सहयोगी/स्वीपर/अन्य | ७६०.०० |
| २ | अमिन | १२५०.०० |
| ३ | ना.प्र.से.प्रा. | १०००.०० |

छ. रोहिणी गाउँपालिका अन्तर्गत सञ्चालनमा रहेका बाल विकास केन्द्र तथा सामुदायिक सिकाइ केन्द्रहरूमा कार्यरत बाल विकास सहयोगी कार्यकर्ता तथा सामुदायिक परिचालकहरूलाई संघीय सरकारबाट उपलब्ध गराइने तलब तथा सुविधाका अतिरिक्त गाउँपालिकाबाट मासिक रु. ७,०००।-

(अक्षरुपी पाँच हजार मात्र) थप प्रोत्साहन सुविधा प्रदान गर्ने सम्बन्धमा अघिल्लो आर्थिक वर्षमा गरिएको निर्णयलाई यस आर्थिक वर्षमा समेत निरन्तरता दिने निर्णय गरियो ।

ज. गाउँपालिकामा कार्यारत हुलाकका कार्यालय सहयोगी लगायत अन्य सबैको थप सुविधा अघिल्लो आर्थिक वर्ष बमोजिम निरन्तरता दिने निर्णय गरियो । साथै वडा नं ५ मा सहायक कम्प्युटर अपरेटर पदमा कार्यरत मुस्तकिम फकिरलाई कार्यसम्पादनका आधारमा सहायक चौंथो सरहको तलब भत्ता उपलब्ध गराउने निर्णय गरियो ।

झ. रोहिणी गाउँपालिका कार्यपालिकाको निर्णय बमोजिम आर्थिक वर्ष २०८२/०८३ मा वितरण गरिएको आर्थिक सहायता, उपचार सहायता, मृत्यु संस्कार सहायता, धर्म-संस्कृति सहायता, भण्डारा तथा अन्य विविध वस्तुगत सहायता एवं सामाजिक सुरक्षा सम्बन्धी रकमलाई यस गाउँसभाबाट अनुमोदन गर्दै आगामी आर्थिक वर्षदेखि यस्ता सहायता वितरणलाई क्रमशः न्यून गर्दै स्पष्ट मापदण्ड, आवश्यकता र औचित्यका आधारमा मात्र वितरण गर्ने व्यवस्था मिलाउने निर्णय गरियो ।

ञ. रोहिणी गाउँपालिकाको एक वडा-एक स्वास्थ्य संस्था कार्यक्रम प्रभावकारी रूपमा कार्यान्वयन गर्न यथाशीघ्र आवश्यक जनशक्तिको पदपूर्ति गरी वडा नं. ६ मा स्वास्थ्य संस्था स्थापना तथा सञ्चालन मार्फत सेवा प्रवाह गर्ने तथा राम नरेश माध्यमिक विद्यालय मा विद्यालय नर्सको पदपूर्ति गरी विद्यालय स्वास्थ्य सेवा सञ्चालन गर्ने निर्णय गरियो ।

ट. रोहिणी गाउँपालिका र अन्तरगत कार्यालयहरूमा कार्यरत तपसिल बमोजिमका करार, अस्थायी तथा ज्यालादारी कर्मचारीहरूको सेवा आवश्यकताको आधारमा आगामी आर्थिक वर्षका लागि निरन्तरता प्रदान गर्दै प्रचलित कानून तथा स्वीकृत बजेटको अधिनमा रही करार अवधि (म्याद) थप गर्ने निर्णय गरियो ।

**गाउँपालिकाको कार्यालयमा कार्यारत करार कर्मचारीहरू**

| क्र.सं. | नाम, थर | पद | किसिम | कार्यरत संस्था |
|---|---|---|---|---|
| १ | निता पौडेल | सूचना प्रविधि अधिकृत | करार | रोहिणी गाउँपालिका |
| २ | शोभा डुम्रे | जनस्वास्थ्य अधिकृत | करार | रोहिणी गाउँपालिका |
| ३ | विशाल सिंह क्षेत्री | ईन्जिनियर | करार | रोहिणी गाउँपालिका |
| ४ | धर्मेन्द्र पाल | रोजगार संयोजक | करार | रोहिणी गाउँपालिका |
| ५ | बिनोद कुमार ठाकुर | ना.प्र.से.प्रा. | करार | रोहिणी गाउँपालिका |
| ६ | सुरेन्द्र कुमार चौधरी | एम.आई.एस. अपरेटर | करार | रोहिणी गाउँपालिका |
| ७ | विजय कुमार यादव | फिल्ड सहायक | करार | रोहिणी गाउँपालिका |
| ८ | कमला चौधरी | उद्यम विकास सहजकर्ता | करार | रोहिणी गाउँपालिका |
| ९ | राजेश कुमार मिश्र | उद्यम विकास सहजकर्ता | करार | रोहिणी गाउँपालिका |
| १० | धर्मेन्द्र यादव | अमिन | करार | रोहिणी गाउँपालिका |

| | | | | |
|---|---|---|---|---|
| ११ | सरस्वती खनाल पोखेल | स.क.अ. | करार | रोहिणी गाउँपालिका |
| १२ | मुना बि.क. | स.क.अ. | करार | रोहिणी गाउँपालिका |
| १३ | दुर्गेश यादव | अ.सब. ईन्जिनियर | करार | रोहिणी गाउँपालिका |
| १४ | सत्य नारायण प्रजापती | कार्यालय सहयोगी | करार | रोहिणी गाउँपालिका |
| १५ | देवेन्द्र कुमार मिश्र | कार्यालय सहयोगी | करार | रोहिणी गाउँपालिका |
| १६ | गंगा प्रसाद लोनिया | कार्यालय सहयोगी | करार | रोहिणी गाउँपालिका |
| १७ | पवन कुमार गौड | कार्यालय सहयोगी | करार | रोहिणी गाउँपालिका |

| वडा कार्यालयमा कार्यरत करार कर्मचारीहरू | | | | |
|---|---|---|---|---|
| क्र.सं. | नाम, थर | पद | किसिम | कार्यरत संस्था |
| १ | अनिल कुमार यादव | ना.प्र.से.प्रा. | करार | वडा नं. २ |
| २ | माधव न्यौपाने | ना.प्र.से.प्रा. | करार | वडा नं. ५ र ६ |
| ३ | हरि नारायण थारू | ना.प्र.से.प्रा. | करार | वडा नं. ४ |
| ४ | कृष्ण मोहन यादव | स.क.अ. | करार | वडा नं. ३ |
| ५ | सुनिता मल्लाह | स.क.अ. | करार | वडा नं. ६ |
| ६ | धन कुमारी पाण्डे | स.क.अ. | करार | वडा नं. ७ |
| ७ | मुस्तकिम फकिर | स.क.अ. | करार | वडा नं. ५ |
| ८ | परागराज बर्मा | स.क.अ. | करार | वडा नं. ४ |
| ९ | बृजलाल कोहार | कार्यालय सहयोगी | करार | वडा नं. ५ |
| १० | परशुराम यादव | कार्यालय सहयोगी | करार | वडा नं. ४ |
| ११ | महेन्द्र घर्ती | कार्यालय सहयोगी | करार | वडा नं. ६ |
| १२ | जय प्रकाश यादव | कार्यालय सहयोगी | करार | वडा नं. ७ |

| स्वास्थ्य संस्थामा कार्यरत करार कर्मचारीहरू | | | | |
|---|---|---|---|---|
| क्र.सं. | नाम, थर | पद | किसिम | कार्यरत संस्था |
| १ | उमेश कुमार बनिया | एम्बुलेन्स चालक | करार | बोदबार स्वास्थ्य चौकी |
| २ | दुर्गा प्रसाद चौधरी | एम्बुलेन्स चालक | करार | धकधई प्राथमिक स्वास्थ्य केन्द्र |
| ३ | सन्जु चौधरी | कार्यालय सहयोगी | करार | धकधई प्राथमिक स्वास्थ्य केन्द्र |
| ४ | सुस्मा के.सी. | अ.न.मी. | करार | पोखरभिण्डी स्वास्थ्य चौकी |
| ५ | पिङ्गला यादव | ल्याब असिष्टेन्ट | करार | बोदबार स्वास्थ्य चौकी |
| ६ | उषा कुमारी यादव | कविराज/वैद्य | करार | बोदबार स्वास्थ्य चौकी |
| ७ | गंगोत्री चौधरी | अ.न.मी. | करार | बोदबार स्वास्थ्य चौकी |
| ८ | रमेश कुमार गुप्ता | कार्यालय सहयोगी | करार | छिपागढ स्वास्थ्य चौकी |

| | | | | |
|---|---|---|---|---|
| ९ | दिपेन्द्र प्रसाद चौधरी | कार्यालय सहयोगी | करार | बोदबार स्वास्थ्य चौकी |
| १० | उमेश कुमार यादव | कार्यालय सहयोगी | करार | धकधई प्राथमिक स्वास्थ्य केन्द्र |
| ११ | हिरा कुमारी कामी | कार्यालय सहयोगी | करार | बोदबार स्वास्थ्य चौकी |
| १२ | दिलिप कुमार कुर्मी | कार्यालय सहयोगी | करार | बोदबार स्वास्थ्य चौकी |

| फायरम्यान पदमा करार सेवामा कार्यरत कर्मचारीहरू | | | | |
|---|---|---|---|---|
| क्र.सं. | नाम, थर | पद | किसिम | कार्यरत संस्था |
| १ | नवीन कुमार सिंह | फायर म्यान | करार | रोहिणी गाउँपालिका |
| २ | उमेश कुमार यादव | फायर म्यान | करार | रोहिणी गाउँपालिका |

| दैनिक ज्यालादारीमा कार्यरत कर्मचारीहरू | | | | |
|---|---|---|---|---|
| क्र.सं. | नाम, थर | पद | किसिम | कार्यरत संस्था |
| १ | रिंकु कोहार | नापी प्राविधिक/अमिन | ज्यालादारी | रोहिणी गाउँपालिका |
| २ | बिपना सुनार | नापी प्राविधिक/अमिन | ज्यालादारी | रोहिणी गाउँपालिका |
| ३ | शिव कुमार यादव | हलुका सवारी चालक | ज्यालादारी | रोहिणी गाउँपालिका |
| ४ | कुमारी रिता हरिजन | स्वीपर | ज्यालादारी | रोहिणी गाउँपालिका |
| ५ | अनिल कुमार चौधरी | कार्यालय सहयोगी | ज्यालादारी | वडा नं. ३ |
| ६ | रामाज्ञा हरिजन | कार्यालय सहयोगी | ज्यालादारी | वडा नं. ६ |
| ७ | रविचन्द्र केवट | कार्यालय सहयोगी | ज्यालादारी | वडा नं. २ |
| ८ | अर्जुन प्रसाद यादव | कार्यालय सहयोगी | ज्यालादारी | रोहिणी गाउँपालिका |
| ९ | नागेन्द्र कुमार मिश्र | कार्यालय सहयोगी | ज्यालादारी | रोहिणी गाउँपालिका |
| १० | रामाशंकर बर्मा | कार्यालय सहयोगी | ज्यालादारी | वडा नं. ७ |
| ११ | अकलेश यादव | कार्यालय सहयोगी | ज्यालादारी | वडा नं. ५ |

ठ. आर्थिक वर्ष २०८२/०८३ मा बोलपत्र आह्वान भई कार्यान्वयनमा रहेका तर विश्वव्यापी मूल्यवृद्धि, सामग्री अभाव तथा विविध प्राविधिक कारणले सम्पन्न हुन नसकेका तपसिल बमोजिमका योजनाहरूका सम्बन्धमा प्राप्त निवेदन, प्राविधिक शाखाको प्रतिवेदन तथा सिफारिस समेतका आधारमा आर्थिक वर्ष २०८३/०८४ भित्र सम्पन्न गर्ने गरी आवश्यक स्रोत सुनिश्चित गर्ने तथा उक्त योजनाहरूको कार्यसम्पादन सहज बनाउन प्रचलित कानुनबमोजिम तपसिलमा उल्लिखत समयसम्म म्याद थप गर्ने निर्णय समेत गरियो ।

तपसिल

| क्र.सं. | योजनाको नाम | थप गरिएको म्याद | कैफियत |
|---|---|---|---|
| १ | Construction of Administrative Office Building of Rohini Rural Municipality | मिति २०८३/०६/३० सम्म | |
| २ | Construction of Asphalt Road Works and PCC Road Works in Different Wards of Rohini Rural Municipality | मिति २०८३/०९/३० सम्म | |
| ३ | Bhatpurwa-Lakhnautiya-Sailihawa Jane Sadak Nirman | मिति २०८३/०९/३० सम्म | |
| ४ | रोहिणी वडा नं ७ को विभिन्न टोलमा पुरा हुन बाँकी रहेको बाटोको पिसीसी सडक ढलान र छुटफुट विभिन्न बाटो ग्रावेल तथा मर्मत | मिति २०८३/०९/३० सम्म | |
| ५ | वडा नं ७ का विधिन्न टोलमा पिसीसी सडक ढलान | मिति २०८३/०९/३० सम्म | |
| ६ | गाउँपालिकाको १५ शैया अस्पताल निर्माण | मिति २०८४/०३/३० सम्म | |
| ७ | Construction of Boundary Wall at Rohini 6 and Construction of Temple at Rohini 7 | मिति २०८३/०६/३० सम्म | |

ड. रोहिणी गाउँपालिका वडा नं. १ मा कार्यरत ना.प्र.से.प्रा. श्री मेघनाथ प्रसाद यादवको प्रदेश सरकारबाट स्वीकृत दरबन्दी कटौती भई उक्त पद खारेज भएको तथा वडा कार्यालयको दैनिक प्रशासनिक तथा सेवा प्रवाहका कार्यहरू प्रभावकारी रूपमा सञ्चालन गर्न निजको सेवा आवश्यक रहेकोले सेवा प्रवाहमा कुनै अवरोध नआउने व्यवस्था मिलाउन गाउँपालिकाको प्रचलित कार्यविधिको अधीनमा रही मेघनाथ प्रसाद यादवलाई दैनिक ज्यालादारीमा नियुक्त गरी निजको सेवा निरन्तरता दिने निर्णय गरियो । साथै रोहिणी वडा नं. ३ निवासी अभिसेक चौधरी र ओमसतिया वडा नं ६ निवासी संजय कुमार हरिजनलाई कार्यालय सहयोगी पदमा दैनिक ज्यादारीमा कामकाजमा लगाउने निर्णय गरियो ।

ढ. आर्थिक वर्ष २०८२/०८३ को अन्त्यमा प्रणालीगत (SuTRA लगायत) समस्या, आवश्यक कागजात समयमै प्राप्त हुन नसकेको, बजेट तथा स्रोतको अभाव, प्राविधिक वा प्रशासनिक कारणवश वा अन्य मनासिब कारणले निर्धारित समयभित्र भुक्तानी हुन नसकेका तथा छुट हुन गएका योजनाहरू, कार्यक्रमहरू, सेवा तथा आपूर्तिसम्बन्धी दायित्वहरूको सम्बन्धमा प्रचलित कानुन, स्वीकृत बजेट, वित्तीय कार्यविधि तथा लेखा प्रणाली बमोजिम प्रमाणित दायित्व कायम गरी आवश्यक प्रक्रिया पूरा भएपछि आगामी आर्थिक वर्ष २०८३/०८४ मा भुक्तानी बाँकी (Accounts Payable) कायम गर्ने वा दायित्व सारी नियमानुसार भुक्तानी प्रक्रिया सहजीकरण गर्ने निर्णय गरियो ।